
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३५१ पृष्ठ ८ | काठमाडौं, आइतबार १४ वैशाख २०८२ | वैशाख कृष्णपक्ष औसी नेपाल संवत् ११४५ | SUNDAY, APRIL 27, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# कर्णालीमा बन्यो प्रादेशिक सडक गुरुयोजना

संघीय सरकारको लगानीमा स्तरोन्नतिको चरणमा रहेको कर्णाली करिडोरको कालीकोट खण्ड। ● बिस्नप्रसाद न्यौपाने

कर्णाली प्रदेश सरकारले प्रादेशिक सडक गुरुयोजना निर्माण गरी लागू गरेको छ। कर्णाली प्रदेशका १० वटै जिल्लामा आवश्यक सडक पूर्वाधारलाई क्रमशः निर्माण गरी ग्रामीण स्तरसम्म यातायात सेवाको सहजता प्रदान गर्न प्रादेशिक गुरुयोजना निर्माण गरी लागू गरेको हो।

समाचार पृष्ठ २

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

– को रिपोर्ट

## गाजामा ५ वर्षे युद्धविरामका लागि सबै बन्धकको रिहा गर्ने हमासको प्रस्ताव

**कायरो** (एजेन्सी) : गाजामा जारी युद्ध अन्त्यका लागि हमासले सबै बन्धकलाई रिहा गर्ने र इजरायलद्वारा पाँच वर्षका लागि युद्धविरामको सहमति गर्न नयाँ प्रस्ताव अघि सारेको हमास निकट एक अधिकारीले शनिबार बताएका छन्।

हमासको एक प्रतिनिधिमण्डल इजिप्टका मध्यस्थकर्तासँग १८ महिना लामो युद्धबाट कसरी बाहिर निस्कने भन्ने विषयमा कायरोमा छलफल गरिरहेको छ। हमासका एक अधिकारीका अनुसार प्यालेस्टिनी लडाकू समूहले एउटै चरणमा कैदीहरूको आदानप्रदान र पाँच वर्षका लागि युद्धविरामका लागि तयार गरिरहेको छ।

युद्धविरामका लागि पछिल्लो प्रयास इजरायलको प्रस्तावपछि आएको हो, जसलाई हमासले यसै महिनाको सुरुमा 'आंशिक' भन्दै अस्वीकार गरेको थियो र यसको साटो सन् २०२३ को अक्टोबर ७ मा इजरायलमाथि भएको आक्रमणबाट प्रज्वलित युद्ध रोक्न 'विस्तृत' सम्झौताको माग गरेको थियो।


# सरकार ढल्छ भन्नेहरू गल्न थालेका छन् : प्रधानमन्त्री

### एमाले संसदीय दलको बैठक

**अन्नपूर्ण** | *काठमाडौं*

प्रधानमन्त्री एवं नेकपा एमालेका संसदीय दलका नेता केपी शर्मा ओलीले संसद्मा बोलिएका गलत कुराहरूको तत्काल प्रतिवाद गर्न निर्देशन दिएका छन्। 'हामीले राष्ट्रियताको पक्षमा स्पष्ट दृष्टिकोण राख्ने, अडान राख्ने, उभिने काम गर्नुपर्छ।

राष्ट्रलाई विभिन्न ढंगले कमजोर पार्ने खालका क्रियाकलाप र प्रवृत्तिहरू त्यस्ता कुरालाई आलोचना गर्नुपर्छ। त्यस्ता कुरालाई हामीले तिखै आलोचना गर्नुपर्छ। किनभने देशभन्दा ठूलो अर्को कुरा हुँदैन,' प्रधानमन्त्री ओलीले भने। प्रधानमन्त्री ओलीले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा थाइल्यान्डबाट फर्कपछि सरकार ढल्छ भनेर



भ्रम फैलाउनेहरू अहिले फत्रक्क गलेको टिप्पणी गरे। नेकपा (एमाले) को संसदीय दलको बैठकमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले त्यस्ता भ्रमको पछाडि नलागेर आफ्नो काम र मिसनमा केन्द्रित हुन सांसदहरूलाई आग्रह गरे। 'सरकार बाङ्गिसक्यो। शेरबहादुरजी थाइल्यान्डबाट नेपाल आइपुग्ने बित्तिकै ढल्छ भनेर भनेका थिए। मैले त भ्रम फिँजाउनेहरूका पछाडि नलाग्नुस्। आफ्नो मिसन र काममा लाग्नुस्, चुनावमा लाग्नुस् भनेकै थिएँ। शेरबहादुरजीले फर्कर आएर सरकार ढल्दैन भनेपछि भ्रम फैल्याउनेहरू फत्रक्क गलेका छन्, सरकार ढल्दैन भनेपछि सकियो। त्यसकारण एउटै कुराको जवाफ धेरैपटक खोज्नतिर हामी लाग्नुहुँदैन।'प्रधानमन्त्री ओलीले भने, 'मुलुकमा स्थिरता, स्थायित्व, विकास, सुशासन र समृद्धिका लागि दुई ठूला दलको सहकार्यमा बनेको सरकारले आगामी आर्थिक वर्षका लागि सन्तुलित र सम्भव हुने खालको नीति तथा कार्यक्रम र बजेटको तयारी गरिरहेको छ। हामी सबैको ध्यान त्यसमा केन्द्रित भएको छ। हल्लाको पछाडि कोही पनि लाग्नुपर्दैन।'


» बाँकी पृष्ठ ६

## राष्ट्रसंघद्वारा जम्मु–कश्मीरमा भएको आक्रमणको निन्दा

**न्युयोर्क** (एजेन्सी) : संयुक्त राष्ट्र सुरक्षापरिषद् (यूएनएससी) ले २२ अप्रिलमा जम्मु-कश्मीरमा भएको आतंकवादी आक्राणको कडा निन्दा गर्दै न्यायको माग गरेको छ। आक्रमणमा कम्तीमा २६ जनाको मृत्यु भएको थियो भने कैयौं घाइते भएका थिए।


अप्रिल २५ मा जारी गरिएको प्रेस विज्ञप्तिमा काउन्सिलका अध्यक्ष फ्रान्सका जेरोम बोनाफन्टले पीडित भारत र नेपाल सरकार तथा पीडित परिवारप्रति समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन्। आक्रमणले विश्वव्यापी आक्रोश निम्त्याएको जनाउँदै यूएनएससीले अपराधीहरूलाई न्यायको कठघरामा ल्याउने तत्कालीन आवश्यकतामा जोड दिएका छन्।

आतंकवाद विश्वव्यापी शान्ति र सुरक्षाका लागि खतरा भएको परिषद्ले उल्लेख गरेको छ। विज्ञप्तिमा कुनै पनि निर्दोष नागरिकहरूलाई लक्षित गरी आक्रमण गर्न नहुने विषयमा जोड दिएको छ। यूएनएससीले जम्मू र कश्मीर को द्वन्द्वको प्रभावले आतंकवादी गतिविधिहरूमा बढ्दो अन्तर्राष्ट्रिय चिन्ता थपिएको जनाइएको छ।




# महेन्द्र इन्स्टिच्युटमा असुली धन्दा

## सर्टिफिकेट माग्दा विद्यार्थीलाई अतिरिक्त शुल्कको उर्दी







**विजयकुमार सिंह** | *धनुषा*

जनकपुरधामस्थित महेन्द्र इन्स्टिच्युट अफ मेडिकल साइन्सले सर्टिफिकेट दिने मौका छोपेर विद्यार्थीबाट ४२ हजारसम्म अतिरिक्त शुल्क असुलेको पाइएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमपरिषद् (सीटीईभीटी)ले तोकेअनुसारको शुल्कमा सम्झौता गरेको विपरीत कलेजले विद्यार्थीबाट ४२ हजार अतिरिक्त शुल्क मागेको आरोप लागेको हो।

२०७७ सालमा महेन्द्र इन्स्टिच्युट अफ मेडिकल साइन्समा ३ वर्षे ल्याब टेक्निसियन अध्ययन गर्न भर्ना भएका धनुषाको बटेश्वर गाउँपालिका-४ का धर्मदेव सिंहसँग कलेजले ३ लाख २५ हजार रुपैयाँ तिर्नुपर्ने शर्त राखेको थियो। त्यसमा सहमत भएका विद्यार्थी सिंहले पटक-पटक गरेर कलेजलाई ३ लाख ३० हजार ७ सय रुपैयाँ बुझाइसकेको प्रमाण छ। तर, आफू उत्तीर्ण भएर सर्टिफिकेट लिन जाँदा कलेजले ४२ हजार रुपैयाँ अतिरिक्त शुल्क तिर्नुपर्ने निर्देशन दिएको विद्यार्थी धर्मदेवको आरोप छ। कलेजले सर्टिफिकेटका नाममा बार्गेनिङ गरेर विद्यार्थीको भविष्यसँग खेल्न खोजेको उनले दुखेसो पोखे।

» बाँकी पृष्ठ ६